शुसिला सिंखडा

बाल मनोविज्ञ

भक्तपुर जिल्ला अदालत



# बाल न्याय प्रणालीमा सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य

# नेपालमा बाल संरक्षणका सवालहरु

- बेचबिखन र ओसारपसार
- बाल विवाह, बहुविवाह
- बलात्कार, यौन दुर्व्यवहार तथा शोषण
- शारीरिक सजाय (घर, विद्यालय, कार्य स्थल)
- बाल श्रम शोषण (घरेलु कामदार, बँधुवा, कमलरी, इँटा भट्टा, खानी, कल कारखाना, रेष्टुराँ, बार, होटल, मोटल,मसाज पार्लर, निकृष्ट कार्यहरु)
- विभेद, भेदभाव (लैगिंक, जातिय, भुगोल)
- द्वन्द र विस्थापन
- घरेलु हिंसा, अपहेलना, परित्याग
- पहिचान, परिचय, दर्ता, नागरिकता
- छाउपडि, झुमा, देउकी, कुमारी आदि
- वैकल्पिक हेरचाह आवश्यक भएका आमा बाबु र अभिभावक विहिन बालबालिका
- विशेष हेरचाह आवश्यक भएका(अपांग, सडकमा आश्रित, कानूनसँग विवादमा परेका)
- एच.आइ.भि. एड्स
- अपहरण, हत्या आदि

# जिल्लामा बालबालिकाका सरोकारवाला निकायहरु

१) जिल्ला प्रशासन कार्यालय

२) जिल्ला समन्वय समिति

३) जिल्ला अदालत

४) प्रहरी कार्यालय (महिला तथा बालबालिका सेवा केन्द्र)

५) जिल्ल्ला सरकारी वकिलको कार्यालय

६) स्थानीय निकाय (म.बा. तथा जे. शाखा)

७) जिल्ला शिक्षा समन्वय इकाई

८) जिल्ला स्वास्थ्य कार्यालयजिल्ला प्रशासन कार्यालय

९) बाल सुधार गृह, सुरक्षा गृहहरु (पुनर्स्थापना केन्द्र, सेवा केन्द्र)

१०) नेपाल बार एशोसियसन

११) महिला तथा बालबालिका लागि कार्यरत गैससहरु

१२) सञ्चार माध्यम

१३) आमा समूह, बाल क्लब, युवा क्लब,.......................... ।

## समन्वयको आवश्यकता पर्ने क्षेत्रहरु :

- रोकथाम तथा नियन्त्रण
- अनुसन्धान
- सुनुवाईको प्रक्रिया
- संस्थागत सुधारका सम्बन्धमा
- बालमैत्री न्याय सेवा प्रदान गर्ने सम्बन्धमा
- पारिवारिक पुर्नमिलन तथा सामाजिक पुनर्स्थापनामा

# बालबिज्याँई नियन्त्रण तथा रोकथामका लागि समन्वयः

- अपराधको अनुसन्धान भन्दा पनि उक्त **घटनाहरु घट्न नै नदिनु जोड दिनु** पर्छ । विगतमा बालबालिका संलग्न भई घटेका अपराधिक घटनाहरुको अभिलेख विश्लेषण गरी पछि घट्न सक्ने घटना र सम्भावित संलग्न हुन सक्ने बालबालिकाको पहिचान गर्न सकिन्छ ।

- सम्भावित घट्न सक्ने **अपराधमा बालबालिकाको संलग्नता हुन नदिन** विद्यालय स्तरमा, टोल समाजमा समेत बालबालिकाका लागि र सम्बन्धित अभिभावकका लागि विद्यालयका सञ्चालक समितिका सदस्यहरु, शिक्षक शिक्षिकाहरु, सचेत नागरिक समाजको संलग्नतामा **चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने** हुन्छ ।

- जनचेतना जगाउने क्रममा नै **विभिन्न सञ्चार माध्यम** (टि.भी, रेडियो, पत्रपत्रिका) हरु, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय गर्नु पर्छ ।

# अनुसन्धानका लागि समन्वय :

- बालबालिकाका संलग्न अपराधको अनुसन्धान गर्दा सर्वप्रथम **बालकको उमेर, शारीरिक र मानसिक अवस्था**कोसमेत ख्यालराख्नु पर्छ तसर्थ सो का लागि स्वास्थ्य परीक्षण गर्ने चिकित्सक तथा मनोविमर्श प्रदान गर्ने विशेषज्ञसंग समन्वय गर्नुपर्छ ।

- **बालकलाई हिरासतमा राखी अदालती प्रक्रियामा लाने वा अन्य कुनै विकल्प** दिने भन्ने विषयमा निक्यौंल गर्न प्रहरी एकलको निर्णय वा तजविजभन्दा स्थानीय स्तरमा बालबालिकाका लागि काम गर्ने संघसंस्था, कानुन व्यवसायी सरकारी वकिल, नागरिक समाजसमेतको संलग्नताको आवश्यकता पर्छ ।

- **बालबालिकाको कानुनी अभिभावक नभएको खण्डमा** बालकलाई जिम्मा दिन बालबालिकाको लागि काम गर्ने संघसंस्था वा बाल गृहरुमा पठाउनु पर्ने हुन्छ र बाल गृहहरु सञ्चालन नभएका ठाउँमा जिल्लास्थित बाल मन्दिर वा बालगृहहरुसंग समन्वय गर्नु पर्छ । अन्य व्यवस्थाका लागि बाल अधिकार परिषद्, समिति वा स्थानीय बाल अधिकार समिति वा बाल कल्याण अधिकारीसँग सम्पर्क तथा समन्वय गर्नु पर्छ ।

- अनुसन्धानका क्रममा **बालबालिकाहरुमा मनोसामाजिक समस्या** देखा परे समाजसेवी वा बालमनोवैज्ञानिकको सेवा उपलब्ध गराउनु पर्छ ।

# बालमैत्री सुनुवाईका लागि समन्वय

- **सजाय स्थगनसम्बन्धी अदालतको आदेश भए** सो बालकको जिम्मा लिनका लागि स्कुल, परिवार तथा संघसंस्थाहरुसँग समन्वय गर्नु पर्ने,

- **सुनुवाईका कममा** कानूनको विवादमा परेका बालबालिकाको अभिभावकलाई उपस्थित गराउन **सम्बन्धित परिवार तथा संरक्षकसँगको समन्वय**

- कानूनको विवादमा परेका बालबालिकाको कानूनी प्रतिरक्षाको **लीग निशुल्क कानूनी प्रतिरक्षा सेवाका लागि** बार एसोसियसन, कानूनी सहयता समिति, बैतनिक वकिल, निशुल्क कानूनी सेवा उपलब्ध गराउने संघसंस्थाहरुसंग समन्वय)

- **अदालतको आदेशले सुधार गृह बस्नु पर्ने बालकको सन्दर्भमा नजिकको बालसुधार गृहसँगको समन्वय ।**

# पारिवारिक पुर्नमिलन तथा सामाजिक पुर्नस्थापना

- **सुधार गृहको छुटकारा पश्चात** त्यस्तो बालकलाई समाजमा कसरी पुर्नस्थापना गर्ने भन्ने बारेमा सरोकारवाला निकाय तथा अन्य संघसस्थाहरुसंग समन्वय,

- विद्यालय नियमित गर्न **विद्यालयसँग** समन्वय गर्ने ।

- निजविरुद्ध हुनसक्ने सम्भावित जोखिम परिस्थितिको लेखाजोखा गरि हुनसक्ने हिँसाका लागि पुन **प्रहरी कार्यालय, स्थानीय बाल अधिकार समिति** सँग समन्वय गर्ने ।
- यदि पढाई निरन्तर नभए सम्भावित रोजगारी अथवा जीवनोपयोगी सिपका लागि **विभिन्न संघसस्थाहरुसंग** पहल गर्ने,

- पुर्न बिज्याँईमा पर्न सक्ने कुरालाई मध्यनजर गरि सुधारका लागि प्रयत्न गर्न **सेवा प्रदायक ब्यक्ति वा संघसंस्थाहरुसंग** समन्वय, आदि ।

# न्यायिक कारवाहीका क्रममा कानूनको विवादमा परेका बालबालिकाहरुलाई आवश्यक पर्ने सेवाहरु

- शारीरिक तथा मानसिक स्वास्थ्यको जाँच,
- उमेर विवाद सम्बन्धी सरकारी अस्पतालबाट प्रमाणित गर्नु पर्ने भएमा ।
- कुनै कसूरको अभियोग लागेको बालकका सम्बन्धमा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न,
- मनोविमर्श सेवा, (जिल्लामा कार्यरत संस्था वा बालमनोविज्ञ)
- कानूनी सहायता (निशुल्क, वैतनिक वकिल वा जिल्ला कानूनी सहायता समिति )
- बाल सुधारसम्बन्धी सेवाहरु (सुधार गृह)

# वर्तमान कानूनी प्रावधान

## बालबालिकासम्बन्धी ऐन, २०७५

### दफा ४३. बाल सुधार गृह सम्बन्धि व्यवस्था

(१) नेपाल सरकारले कानुनको विवादमा परेका बालबालिकाको सँधार र पुर्नस्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि आवश्यकतानुसार बाल सुधार गृहको स्थापना गर्नेछ ।

बमोजिम स्थापना भएको बाल सुधार गृहमा देहायका बालकहरु राखिनेछ:

(क) **कुनै कसुरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नुपर्ने बालक,**

(ख) प्रचलित कानुनबमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानु पर्ने बालक,


(ग) लागूऔषधको कुलतमा लागेको बालक,

(घ) बाबु, आमा वा घर परिवारबाट भागी हिड्ने गरेको बालक,

(ङ) अनैतिक वा अवाञ्छनिय क्रियाकलापमा संलग्न व्यक्तिहरुसँग बस, उठ गर्ने वा त्यस्ता व्यक्तिहरुको क्रियाकलापमा सरिक हुने वा तिनीहरुको आम्दानीमा आश्रित रहने बालक,

(च) नेपाल सरकारले तोकेको वर्गिकरणका बालकहरु ।

# सहकार्य संजाल


बालबिजाँईको रोकथाम र अनुसन्धान
सरकारी निकायहरु
नीति नियम, कार्यक्रम तर्जुमा
समाजिक अध्ययन प्रतिवेदन तयारी
स्वास्थ्य सेवा
कानूनको विवादमा परेका बालबालिकाको उच्चतम् हित
मनोसामाजिक विमर्श
कानूनी परामर्श र नि:शुल्क कानूनी सेवा
बाल गृहहरु
अस्थाई पुनर्स्थापना, शिक्षा र सीप
सुधार गृहबाट छुटकारा पश्चात् फलोअप, पारिवारिक पुर्नमिलन तथा सामाजिक पर्नस्थापनाका पहलरु

| निकाय वा व्यक्ति | भूमिका |
|---|---|
| अनुसन्धान अधिकृत | बालमैत्री अनुसन्धान, व्यवहार, |
| सरकारी वकिल | अभियोजन |
| बाल इजलास | बालमनोवैज्ञानिक र सामाजिक कार्यकर्ताको उपस्थितिसहित बालमैत्री वातावरणमा कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितमा न्याय सम्पादन, |
| बालमनोविज्ञ | न्यायाधीश समक्ष राय प्रतिवेदन बुझाउने र मनोसामाजिक विमर्श सेवा, |
| समाजसेवी वा सामाजिक कार्यकर्ता | केस व्यवस्थापन, सामाजिक अध्ययन प्रतिवेदनको तयारी, सामाजिक पुर्नस्थापाना, पारिवारिक विमर्श, फलोअप, आदि |
| चिकित्सक | शारीरिक परीक्षण, उमेर प्रमाणीकरण, स्वास्थ्य उपचार |
| प्रतिरक्षी कानून व्यवसायी | कानूनी परामर्श, प्रतिरक्षात्मक भूमिका |
| बाल गृहहरु (बाल गृह, बाल मन्दिर) | थुनाको विकल्पमा अल्पकालिन बसोबास प्रवन्धको सेवाका साथै सुधारात्मक सेवाहरु |
| बाल सुधार गृह (भक्तपुर, कास्की र विराटनगर) | सुधारात्मक कार्यक्रम मार्फत संस्थागत सुधार, |
| सामाजिक संघसंस्था | सामाजिक अध्ययन प्रतिवेदनको तयारी, सुधारात्मक सेवाहरु, |
| विद्यालय | सजाय स्थगनसम्बन्धी बैकल्पिक आदेशहरुको कार्यान्वयन, |
| व्यवसायिक संघसंस्था | सीपमुलक तालीम, रोजगारी, आय आर्जन |
| सरकारी तथा अर्ध सरकारी निकायहरु | कानूनी निर्माण र कार्यान्वयन, नीति निर्माण, कार्यक्रम तर्जुमा |
| सञ्चार माध्यम | रोकथाम तथा नियन्त्रण, अधिकारको रक्षा, watchdog |

# प्रभावकारी सहकार्य :

प्रभावकारी सहकार्यका लागि अन्तरसम्बन्ध कायम गर्नु पर्छ । अन्तरसम्बन्धका लागि परिवर्तनशीलताको खाँचो हुन्छ ।

**धारणगत परिवर्तनशीलता :**

- नकारात्मक - सकारात्मक
- अज्ञानता - ज्ञान


**व्यवहारगत परिवर्तनशीलता :**

- रुखो - नम्र,
- अन्तरमुखि - बर्हिरमुखि
- सुषुप्त - क्रियाशिल
- निर्णायक - अन्तरक्रियात्मक

## समन्वय गर्दा ध्यानदिनुपर्ने कुराहरु :

- सहकार्य गर्ने क्षेत्रको पहिचान, सम्पर्क व्यक्तिको पहिचान ।
- निरन्तर संचार (दुइ तर्फी)
- लचिलो व्यवहार
- समतापूर्ण व्यवहार
- सामूहिक अनुगमन तथा मुल्याङ्कन

# नेपालमा बाल न्याय प्रणाली



सिडिओको आदेशमा
पाँच नाबालक






यदि १ वर्षको सम्बृद्धि चाहाने हो भने खेती गर्नु,
यदि १० वर्षको सम्बृद्धि चाहाने हो भने रुख रोप्नु,
यदि १०० वर्षको सम्बृद्धि चाहाने हो भने बालबालिकामा लगानी गर्नु,

चाइनिज उखान



# बालअधिकारको संरक्षण कसले गर्ने ?




बालअधिकार
सबैको सरोकार

